# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बज्रबाराही, ललितपुर

बागमती प्रदेश, नेपाल

## गोदावरी नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८३/८४ को लागि विज्ञापन कर संकलन (ठेक्का नं.:- ०१/विज्ञापन कर संकलन/२०८३/०८४) सम्बन्धी कार्यको शिलबन्दी बोलपत्र आह्वानको सार्वजनिक सूचना !

**सूचना प्रकाशित मिति:-२०८३/०७/११**

यस गोदावरी नगरपालिकाबाट आर्थिक वर्ष ०८३/०८४ को अवधिका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम कर्तब्य र अधिकार अन्तर्गतको उपदफा २(घ) र सोहि ऐनको दफा ६४ उपदफा (१)(ग) बमोजिम तथा यस नगरपालिकाको चालू आर्थिक वर्षको लागि जारी गरिएको आर्थिक ऐन, २०८३ को अनुसूची-७ मा कायम गरेको दररेट बमोजिम गोदावरी नगरपालिका क्षेत्र भित्रको बिज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका योग्यता प्राप्त इच्छुक व्यवसायी, ठेकेदार/फर्महरुले मिति २०८३/०८/१० गते कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व खातामा तोकिए बमोजिमको बोलपत्र फाराम दस्तुर रकम जम्मा गरी बोलपत्र फारम खरिद गरी उल्लेखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत मिति २०८३/०८/११ गते दिनको दिउँसो १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्रहरू मिति २०८३/०८/११ को दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन सो कार्य तोकिएकै समयमा हुनेछ। बोलपत्रको साथमा तपसिलमा उल्लेखित बिड बोन्ड रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको बिड बोन्ड (Bid Security) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट एक सय बिस (१२०) दिन म्याद भएको बिड-बोन्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन। कबोल अंकमा मु.अ.कर समेत जोडेरमात्र कुल ठेक्का सम्झौता रकम हुनेछ । ठेक्का सम्झौता रकम सम्झौता गर्दाको बखत एकमुष्ट रकम वा दुई किस्ता गरी रकम बुझाउन सकिनेछ । तपसिलमा उल्लेखित ठेक्काका कर/दस्तुरका दररेट र न्युनतम कबोल अंक निर्धारण गरिएको छ र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट www.godawarimunlalitpur.gov.np मा समेत प्रकाशन गरिएको छ। बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासँग सुरक्षित रहनेछ। नेपाल सरकार, बागमती प्रदेश सरकार र यस नगरपालिकाबाट भएका निर्णय, निर्देशिका र शर्तहरु ठेकदारले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| सूचना नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अङ्क (मू.अ. कर बाहेक) | बिड बोन्ड रकम रु. | टेण्डर फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|
| **ठेक्का नं.:-** ०१/ विज्ञापन कर संकलन/२०८३/०८४ | गोदावरी नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८३/८४ को लागि विज्ञापन कर संकलन। | रु.२१,३२,००० /- (एक्काइस लाख बत्तिस हजार मात्र) | रु.१,२०,५००/- (अक्षरुपी एक लाख बिस हजार पाँच सय मात्र) | रु.५,०००/- (अक्षरुपी पाँच हजार मात्र) फिर्ता नहुने गरी। | |

**बोलपत्र पाइने स्थान:**
गोदावरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
बज्रबाराही, ललितपुर

**खाताको विवरण:**
**राजश्व खाता नं.:-** 0412051497865006
**बैङ्क:-** NIC ASIA, Satdobato, Lalitpur.
**धरौटी खाता नं.:-** 4141497865524002
**बैङ्क:-** NIC ASIA,Satdobato, Lalitpur

**थप जानकारीको लागि:**
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बज्रबाराही ललितपुर
०१-५५७२५९२

**प्रमुख प्रशासकीय अधिकृत**